सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
(प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा)
धनगढी, कैलाली

Email: mosdsp.tvet@gmail.com
Phone Number:

## सीप परीक्षण मूल्याङ्कनकर्ता (Skill Test Assessor) तालिम सञ्चालन सम्बन्धी सूचना

प्रकाशित मिति २०८०।०६।१७

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS-II) को आर्थिक सहयोग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्/राष्ट्रिय सीप परीक्षण समिति (NSTB) तथा प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) को सहकार्यमा कैलाली जिल्लाको धनगढीमा सञ्चालन हुने सीप परीक्षण मूल्याङ्कनकर्ता (Skill Test Assessor) तालिममा सहभागी हुन इच्छुक प्राविधिक तथा व्यावसायिक विषयका तपशिलमा उल्लेख भए बमोजिम योग्यता तथा अनुभव भएका नेपाली नागरिकहरुले मिति २०८०/०६/२४ गते कार्यालय समय भित्र आइपुग्ने गरी यस मन्त्रालयको प्राविधिक तथा व्यावसायिक शिक्षा शाखाको इमेल mosdsp.tvet@gmail.com मार्फत वा स्वयं उपस्थित भई आवेदन फाराम सहित आवश्यक कागजपत्रहरु पेश गर्न सूचित गरिन्छ। आवेदन फाराम **ctevtsppo.org.np** वा **mosd.sudurpashchim.gov.np** बाट डाउनलोड गरी वा सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी, कैलालीबाट प्राप्त गर्न सकिनेछ।

### सहभागि छनौटका लागि शर्त तथा मापदण्डहरु

१. विषयहरु

कन्स्ट्रक्सन मेसन तह-२, बिल्डिंग पेन्टर तह-२, प्लम्बर तह-२, टाईल मार्वल फिक्सर तह-१, मोबाईल फोन रिपेयर टेक्निसियन तह-२, रेफ्रिजिरेसन एण्ड एयर कन्डिसन मेकानिक तह-१ र २, Gold and Silver Smith तह-१, गार्मेन्ट फेब्रिकेटर तह-१, कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन तह-२

२. तालिमका लागि आवश्यक योग्यता

क. एस.इ.इ./एस.एल.सी.उत्तीर्ण भई सम्बन्धित पेशा/व्यावसायमा राष्ट्रिय सीप परीक्षण समितिको कम्तिमा तह २ उत्तीर्ण गरेको,

वा

पेशा/व्यावसाय संग सम्बन्धित विषयमा कम्तिमा प्राविधिक एस.एल.सि./प्रि-डिप्लोमा उत्तीर्ण गरी सम्बन्धित पेशा/व्यावसायमा कम्तिमा ३ वर्षको कार्यअनुभव भएको,

वा

औपचारीक अध्ययन अध्यापन नहुने र राष्ट्रिय सीप परीक्षण समितिको तह २ नभएको व्यवसायको हकमा एस.एल.सी./एस.इ.इ.उत्तीर्ण भई राष्ट्रिय सीप परीक्षण समितिको तह १ उत्तीर्ण गरी सम्बन्धित पेशा/व्यावसायमा कम्तिमा ३ वर्ष कार्यअनुभव भएको,

वा

औपचारीक अध्ययन अध्यापन नहुने र राष्ट्रिय सीप परीक्षण समितिको तह १ पनि नभएको व्यवसायको हकमा एस.एल.सी./एस.इ.इ.उत्तीर्ण भई सम्बन्धित पेशामा कम्तिमा ५ वर्ष कार्य अनुभव भएको,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
(प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा)
धनगढी, कैलाली

Email: mosdsp.tvet@gmail.com
Phone Number:

ग. सीप परीक्षण मूल्याङ्कनकर्ता बन्न ईच्छुक,

घ. राष्ट्रिय सीप परीक्षण समितिद्वारा संचालन गरिने सीप परीक्षण मूल्याङ्कनको समयमा उपलब्ध हुन सक्ने।

**३. छनौटका आधारहरु**

पेशा संग सम्बन्धित योग्यता, आवेदकको सामाजिक समूह (महिला, दलित, जनजाति), सीप परीक्षण केन्द्र रहेको जिल्ला भित्रको स्थायी वसोवास, सम्बन्धित पेशामा संलग्नता र कार्यअनुभव।

**४. फारामको साथ पेश गर्नुपर्ने कागजातहरु -** नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरु वा सीप परीक्षणका प्रमाणपत्रहरु, सम्बन्धित पेशा/व्यावसायमा कार्य अनुभवको पत्र, लक्षित वर्ग जनाउने सिफारिश पत्र र बसाई सराई वा विवाह गरि आएको भए सो कागजात

**५. तालिम अवधि र समय**

सीप परीक्षण मूल्याङकनकर्ता (Assessor) तालिमको अवधि ५ दिनको हुनेछ र समय बिहान ९:३० बजे देखि बेलुकी ४:४५ बजे सम्म हुनेछ। तालिम अवधिभर पुरा समय सहभागी हुनुपर्नेछ। तालिम समाप्त भएपछि प्रमाणपत्र दिइनेछ।

६. तालिमका लागि छनौट भएका सहभागीहरुलाई टेलिफोन मार्फत जानकारी गराइनेछ ।

७. शर्त सहित, कागजात अपुग रहेको र पूर्ण रुपमा नभरिएको आवेदन स्वीकार गरिने छैन।

८. तालिम सम्पन्न भएपछि नियमानुसार तालिम अवधिको निर्वाह भत्ता उपलब्ध गराइने छ।

०८०/०६/१८

लोकेन्द्र प्रसाद भट्ट
शाखा अधिकृत
शाखा अधिकृत

**थप जानकारीको लागि सम्पर्क व्यक्तिः**

१. डिल्लीराज भट्ट : ९८४८७२४४९५

२. टंक प्रसाद उपाध्याय: ९८४८५३२३७८